# "कुश्मा नगरपालिकाको नगर प्रमुख रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"

नगर कार्यपालिकावाट स्वीकृत मिति: २०८१-३-६

प्रमाणिकरण मिति: २०८१-३-११

**प्रस्तावनाः** कुश्मा नगरपालिका भित्रका वेरोजगार युवाहरूलाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आय आर्जनका कृयाकलाप सञ्चालन गरी सामुदायिक पूर्वाधार निर्माण, कृषि, अध्ययन, अनुसन्धान लगायतका विविध क्षेत्रहरूमा संलग्न गराई वेरोजगारी र शैक्षिक बेरोजगारीको समेत समस्या समाधानमा योगदान पुर्याउन र नगर प्रमुख रोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले **रोजगारको हक सम्बन्धी नियमावली, २०७५ को नियम २४** ले व्यबस्था गरेको अधिकारको प्रयोग गरी कुश्मा नगर कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाइ जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कुश्मा नगरपालिकाको नगर प्रमुख रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकावाट स्वीकृत भएको मितिवाट लागू हुनेछ।

२. परिभाषाः बिषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "आयोजना" भन्नाले दफा (३) बमोजिमको क्षेत्रमा सञ्चालन हुने आयोजना सम्झनु पर्छ।

ख. "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम सम्झनु पर्दछ।

ग. "निर्देशक समिति" भन्नाले रोजगारिको हक सम्बन्धी नियमावलीको दफा १४ वमोजिमको स्थानीय निर्देशक समिति सम्झनु पर्छ।

घ. "व्यवस्थापन इकाई" भन्नाले दफा (९) बमोजिमको नगर प्रमुख रोजगार कार्यक्रम व्यवस्थापन इकाई सम्झनु पर्छ।

ङ. "समिति" भन्नाले कार्यक्रम सहजीकरण गर्न वडाले बनाएको सहजिकरण समिति सम्झनु पर्दछ।

च. "पालिका" भन्नाले कुश्मा नगरपालिका सम्झनु पर्ने छ।

छ. "कार्यालय" भन्नाले कुश्मा नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ज. "कार्यविधि" भन्नाले कुश्मा नगरपालिकाको नगर प्रमुख रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०८१ सम्झनु पर्दछ।

झ. "कार्यक्रम कार्यान्वयन गर्ने शाखा" भन्नाले रोजगार सेवा केन्द्र सम्झनु पर्दछ।

ञ. "राष्ट्रिय कार्यक्रम" भन्नाले प्रधानमन्त्री रोजगार, र युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना कार्यक्रम सम्झनु पर्दछ।

ट. "आयोजना माग गर्ने समुह" भन्नाले अनुसूची-२ बमोजिम आयोजना माग फाराममा उल्लेख गरिएका व्यक्तिहरूको समह सम्झनु पर्दछ।

ठ. "निर्देशिका" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ सम्झनु पर्दछ।

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य, रणनीति र क्षेत्र

३.(१) **कार्यक्रमको उद्देश्य** कार्यक्रमको उद्देश्यहरू देहाय अनुसार रहेका छन:

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरूबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसरहरू सिर्जना गर्ने ।

(घ) स्थानीय रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने।

(ङ) सार्वजनिक पूर्वाधारहरूको निर्माण, स्तरोन्नति, सामुहिक र एकीकृत खेती, र अरु सामाजिक आर्थिक क्षेत्रको विस्तारमा योगदान गर्ने ।

(च) आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरूको पहिचान गर्ने ।

(२) **कार्यक्रमको रणनीति**

कार्यक्रमको कार्यान्वयन गर्न निम्नानुसारका रणनीतिहरू लिइनेछ:

(क) स्थानीय स्तरमा रोजगारीको प्रवर्दनका लागि नीतिगत व्यबस्था गर्ने।

(ख) रोजगारी सिर्जनाका लागि अन्तरक्षेत्रगत तथा अन्तर पालिका समन्वय गर्ने ।

(ग) सीपमूलक तालिममार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।

(घ) तालिम, रोजगार सूचना तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अवसरहरूको सिर्जना गर्ने ।

(घ) रोजगारी सिर्जनामा राष्ट्रिय रोजगार कार्यक्रम, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने ।

(ङ) स्थानीय रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी क्षेत्रगत तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी उपयोग गर्ने।

(३)**कार्यक्रमको क्षेत्र** कार्यक्रम अन्तर्गत देहायका क्षेत्रमा आयोजना सञ्चालन गर्न सकिनेछ ।

क. रोजगारी सृजना गर्ने दिगो उत्पादनमा आधारित सामुहिक र एकीकृत खेती।

ग. जलचक्र, खानेपानी संरक्षण तथा व्यवस्थापन गरी रोजगारी सृजना हुने कार्यक्रमहरू।

घ. जल, वायु, तापक्रम, मानव उत्पन्न प्रकोप व्यवस्थापन तथा न्यूनीकरणका क्षेत्र।

ङ. ताल तलैया, जलाशय निर्माण तथा रिचार्ज पोखरी मर्मत तथा संरक्षणका क्षेत्र।

च. खेलकुद प्रवर्द्धन, पूर्वाधार निर्माण ।

छ. शिक्षा, तालिम, जनचेतनामूलक अभियान, नवप्रवर्तन कार्यहरू।

ज. रोजगारमूलक कृषि तथा पशुपालन ।

झ. वृक्षारोपण तथा पर्यावरण संरक्षणमा आधारीत कृषि वन बिकास।

ञ. अध्ययन, अनुसन्धान, र रणनैतिक संचार एवं पर्यटन प्रवर्द्धन।

ट. पूर्वाधार निर्माण, मर्मत तथा संभार।

ठ. वातावरण संरक्षण र जलवायू परिवर्तन अनुकूलनसम्वन्धी कार्यक्रमहरू।

ण. बैदेशिक रोजगारीवाट फर्केका युवा समुहहरूका नवीन योजनाहरू।

## ४. आयोजना छनोटको प्रकृया

(१) कार्यालयले आयोजनाको माग सङ्कलन गर्ने प्रयोजनका लागी अनुसूची-१ बमोजिमको ढाँचामा राष्ट्रिय स्तरको पत्रिकामा वा पालिकाको आधिकारिक फेसबुक पेज र वेवसाइटमा पन्ध्र दिन अवधिको सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा १ बमोजिमको आयोजना माग पेश गर्दा अनुसूची-२ बमोजिमको ढाँचामा यस कार्यालयको कार्यक्रम कार्यान्वयन गर्ने शाखामा पेश गर्नु पर्ने छ। सूचनामा उल्लेख भए बमोजिमको इमेल ठेगाना मार्फत पनी कार्यक्रम पेश गर्न सकीनेछ।

(३) उपदफा २ वमोजिम सङ्कलित आयोजनाहरूको विवरण कार्यक्रम कार्यान्वयन गर्ने शाखाले अनुसूची-३ वमोजिमको सूची तयार गरी निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) निर्देशक समितिले उपदफा ३ बमोजिम पेश भएका आयोजना दफा ५ बमोजिमका आधारमा छनोट गरी अनुसूची-४ बमोजिमको ढाँचामा स्वीकृत गर्नेछ।

(५) यस दफा बमोजिम आयोजना माग नभएको वा माग भएको आयोजना छनोटयोग्य नदेखिएको अवस्थामा बाहेक निर्देशक समितिले आवश्यकता र औचित्यताको आधार मानी कार्यविधिअनुसार उपयुक्त आयोजना छनोट गर्न सक्नेछ।

(६) निर्देशक समितिले आयोजना छनोट तथा बजेट बाँडफाँडसम्बन्धी कार्य मंसिर मसान्तभित्र गरीसक्नु पर्नेछ।

(७) उपदफा ६ बमोजिम बजेट बाँडफाँड गर्दा कुश्मा नगरपालिकाका वडाको जनसंख्या, भौगोलिक विकटता, क्षेत्रफल, र योजनाको औचित्यताका आधारमा लगायतका आधारमा समन्यायिक रुपमा गर्नु पर्नेछ, तर दफा ५ बमोजिम आयोजना छनोटका आधारलाई भने प्राथमिकता दिनु पर्नेछ र निर्देशक समितिले उक्त आधारमा योजना छनोट गर्न बाधा पुग्ने छैन।

(८) १. उपदफा ६ बमोजिम आयोजना छनोट तथा बजेट बाँडफाँड सम्बन्धी निर्णय परिवर्तन गर्न पाइने छैन।

२. उपदफा (१) मा जे सुकै उल्लेख गरीएको भएतापनि आयोजना माग गर्ने समूहले आयोजना सञ्चालन गर्न नसक्ने मनासिब कारण र अबस्था देखाइ आयोजना सञ्चालन नगर्ने निवेदन पेश गरेमा निर्णय परिवर्तन गर्न बाधा पुग्ने छैन।

(९) उपदफा २ बमोजिम आयोजना माग गर्दा एकाघरका परिवार बाहेक कम्तिमा सात जना व्यक्ति संलग्न भई आयोजना माग गर्नु पर्नेछ। त्यसरी आयोजना माग गर्ने व्यक्तिले यस कार्यविधि बमोजिमाको अन्य आयोजना माग गर्न पाउने छैन।

(१०) उपदफा ४ बमोजिम छनोट भएका आयोजनाले अनुसूची-२ वमोजिम योजना माग फाराममा उल्लेख गरेको लागत साझेदारीको रकम आयोजना माग गर्ने समूहको वैंक खातामा दाखिला गरेपछि मात्र दफा ६ को उपदफा २ बमोजिम सम्झौता गर्न योग्य हुनेछ।

५. आयोजना छनोटका आधारहरू

(१) निर्देशक समितिले आयोजना छनोट गर्दा देहायका आधारमा छनोट गर्नुपर्नेछ।

(क) आयोजनाबाट लाभान्वित हुने जनसंख्या १० अंक

(ख) दिगो र अधिकतम रोजगारी सिर्जना हुने आधार २० अंक

(ग) आयोजनाको प्रतिफल तथा आयोजनाको दिगोपना १० अंक

(घ) स्थानीयस्तरमा सिर्जना हुने रोजगारी तथा स्थानीय सामग्रीको प्रयोग २० अंक

(ङ) युबा, माहिला, अदक्ष, शिक्षित वेरोजगार समुदायको रोजगार प्रवर्द्धन १० अंक

(च) अधिकतम प्रतिशतको लागत साझेदारी ३० अंक

(२) उपदफा १ बमोजिमको आधारमा स्थानीय निर्देशक समितिले अंकभार निर्धारण गर्दा अनुसूची-६ बमोजिम गर्नेछ।

(३) स्थानीय निर्देशक समितिले अनुसूची-४ बमोजिमका आयोजनाको संख्या १५ वटा वा सो भन्दा बढी पुग्ने देखिएमा एक वडामा कम्तिमा एउटा आयोजना पर्नेगरी छनोट गर्न वाधा पुग्ने छैन।

(४) निर्देशक समितिले आयोजना छनोट गर्ने प्रयोजनाका लागि उपदफा १ र २ बमोजिमका आधार वनाई अतिरिक्त आधार समेत निर्धारण गर्न सक्नेछ।

(५) निर्देशक समितिको निर्णय अनुसार कार्यक्रम कार्यान्वयन गर्ने शाखाले कार्यक्रम सम्झौता र फछ्यौर्ट सम्मका काम कारबाही गर्नेछ।

(६) विषयगत शाखाले कार्यक्रम कार्यान्वयन गर्ने शाखालाइ प्राविधिक र प्रशासनिक सहयोग र सहजीकरण गर्नु पर्नेछ।

## परिच्छेद -३

## आयोजना कार्यान्वयन सम्वन्धी व्यवस्था

६. आयोजनाको कार्यान्वयनः

(१) यस कार्यविधि बमोजिम छनोट भएका आयोजनाको कार्यान्वयन कार्यक्रम कार्यान्वयन गर्ने शाखावाट हुनेछ ।

(२) आयोजना कार्यान्वयन गर्ने शाखाको सहयोगमा आयोजना माग गर्ने समुहले उपदफा-३ का आधारमा प्रमुख प्रशासकीय अधिकृत समक्ष आयोजना सम्झौता गरी आयोजना सञ्चालन गर्न सक्नेछन् र आयोजना सम्झौताका शर्तहरू तोकिएमबोजिम हुनेछन्।

(३) आयोजना सम्झौता गर्न अनुसूची-४ बमोजिमको निर्णय, अनुसूची-२ अनुसारको आयोजना माग फाराम, आयोजनाको प्राबिधिक लागत अनुमान, सम्बन्धित वडाको सिफारिस, समुहको निवेदन र निर्णय सहित कुश्मा नगरपालिकाको कार्यलयमा उपस्थित भएर गर्नुपर्नेछ। आयोजना कार्यान्वयनमा आवश्यक समन्वय तथा सहजीकरण सम्वन्धित वडा समितिले गर्नु पर्नेछ।

(४) कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने प्रशासनिक र सहजकर्ताको खर्च कार्यक्रममा विनियोजित बजेटवाट गरीनेछ।

(५) रोजगारीमा आवद्ध हुने श्रमिकको पारिश्रमिक निजको बैंक खातामा अनिबार्य रुपमा आयोजना सकिएको एक हप्ता भित्र जम्मा गर्नु पर्नेछ।

(६) आयोजनामा खर्च हुने श्रम बाहेकको रकम आयोजना माग गर्ने समुहद्वारा गठीत आयोजना सञ्चालन समितिको खातामा भुक्तानी गरीनेछ।

(७) उपदफा ५ र ६ मा जे सुकै उल्लेख गरेतापनि समूहको निर्णय र सहमति वमोजिम समूहको बैङ्क खातामा एकमुष्ठ अन्तिम भुक्तानी गर्न बाधा पर्ने छैन।

(८) रोजगार कार्यक्रममा बजेट बिनियोजन गरी साझेदारी गर्ने वडालाई बिशेष प्राथमिकता दिइनेछ।

७. <u>श्रमिक ज्याला तथा सामग्री लागत अनुपातः</u> कार्यक्रम सञ्चालन गर्दा श्रमिक ज्याला र सामग्री लागत अनुपात अनुसूची-५ बमोजिम हुने छ।

८. <u>आयोजना कार्यान्वयनका शर्तहरूः</u> आयोजना कार्यान्वयन गर्ने शाखाले देहायका शर्त पालना गर्नुपर्नेछ।

(क) आयोजना कार्यान्वयन सम्वन्धी खर्चका बील, भरपाई, लागत अनुमान, प्राबिधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन, आयोजनाका तस्बिर र भिडियो, अनुगमन प्रतिवेदन, आयोजना कार्यान्वयनका अन्य पुष्टयाई गर्ने कागजात समेतका आधारमा भुक्तानी दिन सिफारिस गर्ने,

(ख) आयोजनाको कम्तीमा ३ पटक अनुगमन गर्ने,

(ग) आयोजनाको कार्यान्वयन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ध) आयोजना सम्पन्नको प्रगति प्रतिवेदन व्यवस्थापन इकाईमा र निर्देशक समितिमा पेश गर्ने,

(ङ) निर्देशक समितिको निर्देशन र कार्यक्रम सँग सम्बन्धीत सम्पुर्ण काम गर्ने।

## परिच्छेद-४
## व्यवस्थापन इकाई सम्वन्धी व्यवस्था

९. **व्यवस्थापन इकाई** (१) कार्यक्रमको प्रभावकारी सञ्चालन तथा ब्यबस्थापन गर्न कुश्मा नगर कार्यपालिकाको कार्यालयमा एक नगर प्रमुख रोजगार कार्यक्रम व्यबस्थापन इकाई रहनेछ।

(२) कुश्मा नगर कार्यपालिकाको कार्यालयले व्यबस्थापन इकाईको संयोजक र कम्तिमा ५ सदस्यीय जनप्रतिनिधिको व्यवस्थापन समिति गठन गर्नेछ।

(३) कार्यक्रम कार्यान्वयन इकाईको सदस्य सचिव कार्यक्रम कार्यान्वयन गर्ने शाखाको प्रमुख हुनेछ।

१०. **व्यबस्थापन इकाईको काम कर्तव्य र अधिकारः** व्यबस्थापन इकाईको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) कार्यक्रमको लागि आवश्यक पर्ने नीति, कानून, योजना, कार्यक्रम तथा मापदण्डहरूको तर्जुमा, कार्यान्वयन र पुनरावलोकन गर्ने गराउने,

(ख) कार्यक्रमका सम्बन्धमा अन्य विषयगत समितिहरू तथा शाखाहरू, जिल्लाको सम्बन्धित कार्यालय, बडा कार्यालयहरू तथा निजी, सहकारी र गैरसरकारी क्षेत्रसँग आवश्यक समन्वय, साझेदारी र सहकार्य कायम गर्ने,

(ग) रोजगारी मागको प्रक्षेपण तथा उपलब्ध जनशक्तिको विश्लेषण गरी श्रम शक्तिको माग र आपूर्ति बीचको अन्तर पुरा गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(घ) कार्यक्रमको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयन गर्ने गराउने,

(ङ) बेरोजगार व्यक्तिको पहिचान र सूचीकरणको मापदण्ड तथा आधारहरू तर्जुमा एवं पुनरावलोकन गर्ने गराउने,

(च) बजारको माग अनुरुपको रोजगारीमा संलग्न गराउन वा स्वरोजगार बनाउन आवश्यक अभिमुखीकरण तथा व्यावसायिक एवं सीपमूलक तालिम कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(छ) नागरीकहरूमा कामलाई सम्मान गर्ने संस्कृतिको विकास गर्न "श्रमको सम्मान राष्ट्रको अभियान" लगायतका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ज) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा आवधिक एवं आवश्यकता अनुसार समय समयमा मूल्यांकन गर्ने गराउने,

(झ) कार्यक्रमको वार्षिक प्रतिवेदन तयार गरी समिति मार्फत नगर कार्यपालिका समक्ष पेश गर्ने ।

(ञ) रोजगारीको क्षेत्रमा वृहत्तर अध्ययन गरी कार्यपालिकाको कार्यालयलाई प्रतिवेदन पेश गर्ने।

(ट) निर्देशक समिति र व्यवस्थापन इकाइको संयुक्त वैठक वसी समिक्षा गर्ने।

(ठ) रोजगार संबाद मञ्च सञ्चालन गर्ने, गराउने।

## परिच्छेद-५
## विविध

११. **कन्टिनजेन्सी खर्च** (१) आयोजना कार्यान्वयन गर्ने शाखाले यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजनामा बिनियोजित बजेटको बढीमा ४ प्रतिशत रकम कन्टिन्जेन्सी खर्चमा प्रयोग गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिमको कन्टिन्जेन्सी खर्चबाट सम्बन्धित आयोजनाको अनुगमन तथा मुल्याङ्कन, प्राबिधिकको पारिश्रमिक र कार्यक्रमसँग सम्बन्धित विविध प्रशासनिक शीर्षकहरूमा मात्र खर्च गर्नु पर्नेछ।

१२. **सहजकर्ता सम्बन्धी व्यवस्था** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन, समन्वय, सहजीकरण, तथा प्रतिवेदन गर्ने कार्यको लागि निर्देशक समितिको निर्णयको आधारमा पालिकाले सहजकर्ता नियुक्त गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिम नियुक्त हुने सहजकर्ता छनोटका आधार, योग्यता, प्रक्रिया, सेवाका सर्त तथा सुबिधा निर्देशक समितिले तोकेवमोजिम हुनेछ।

(३) कार्यक्रम सञ्चालन गर्दा मितव्यीता अपानाउन रोजगार सेवा केन्द्रमा कार्यरत सहायक कर्मचारीलाई कार्यक्रम सहजकर्ताको जिम्मेवारी तोक्न सक्नेछ।

१३. **राष्ट्रिय कार्यक्रमसँग सहकार्य गर्न सक्ने** (१) कार्यक्रम सञ्चालन गर्दा प्रधान्मन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल

आयोजना वा पालिकाभित्र कार्यान्वयन भइरहेका अन्य राष्ट्रिय  कार्यक्रम, गैर सरकारी संस्थाका कार्यक्रमहरूसँग  सहकार्य गर्न सक्नेछ।

(२) कार्यविधि वमोजिम कुनैपनि आबेदन नपरेको र सम्झौता हुन नसकेको खण्डमा यस कार्यक्रमको बिनियोजित बजेट निर्देशक समितिको निर्णय गराई निर्देशिकाको दफा ६६ अनुसार गर्न बाधा पुग्ने छैन।

१४. <u>सार्वजनिक लेखा परीक्षणः</u> आयोजना कार्यान्वयन गर्ने शाखाले अन्तिम भुक्तानी गर्नुपूर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बील भरपाई, श्रमिकको नाम,  प्राप्त गर्ने रकम,  र खर्च विवरण लगायतका विषयहरू सार्वजनिक गरीएको  प्रतिवेदन समूहवाट प्राप्त  गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम सार्वजनिक परीक्षण गराउँदा आम उपभोक्ता, स्थानीय जनप्रतिनिधि, सामुदायिक संस्थाका प्रतिनिधि र पालिकाको कार्यक्रम कार्यान्बयन गर्ने शाखाको अधिकृतको सहभागितामा गराउनु पर्नेछ।

१५. <u>ठेक्का पट्टा गर्न नपाइनेः</u> आयोजनाको सञ्चालनमा, ठेक्का पट्टा वा तेस्रो पक्ष मार्फत गर्न वा गराउन पाइने छैन।

(२) दफा १५ मा जे जस्तो कुरा लेखिएको भएतापनी दफा ३ को (क) अनुसार उब्जिएको कृषि उपज, श्रम गर्ने कृषक समुहलाई २० % र पालिकालाई ८०% हुनेछ, र उक्त कृषि उपज वोलपत्र वा ठेक्का प्रकृया मार्फत् पालिकाले बिक्री गरी आन्तरीक आय बृद्धी गर्न बाधा पर्ने छैन।

१६. <u>वडा समितिको काम,  कर्तब्य र अधिकार</u>

वडा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

क. कार्यक्रमको बारेमा सूचना प्रवाह गर्ने र आफ्ना नागरीकलाई कार्यक्रम माग फाराम भरी पेश गर्न लगाउने,

ख. कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,

ग. कार्यक्रम सहजीकरण समिति गठन गर्ने,

घ. आफ्नो बडाभित्र कार्यक्रमको बजेट बिनियोजन गर्न साझेदारी गर्ने,

ङ. कार्यक्रम माग गर्ने समूहलाई आवश्यकताको आधारमा सहयोग र सहजीकरण गर्ने।

च. वडाको सामाजिक परिचालक सहजीकरण समितिको सचिव भै कार्यक्रम कार्यान्वयन गर्ने शाखालाइ प्रत्यक्ष सहयोग गर्ने।

१७. **अनुगमन तथा मुल्याङ्कन** (१) कार्यक्रममको अनुगमन तथा मुल्याङ्कन कार्यक्रम कार्यान्वयन शाखाले गर्नेछ।

(२) अनुगमन तथा मुल्याङ्कनसम्बन्धी सूचक, मापदण्ड तथा प्रक्रिया निर्देशक समितिले तय गर्नेछ।

१८. **बित्तिय उत्तरदायित्व र जिम्मेवारी** (१) वित्तिय अनुशासन कायम गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र समपरीक्षण गराउने उत्तरदायित्व कुश्मा नगरपालिकाको हुनेछ।

(२) आयोजनामा बिनियोजित बजेटवाट सेवा परामर्श, अनुसन्धान, अनुगमन भत्ता, सहजकर्ता र प्राबिधिकको पारिश्रमिक बाहेक कुनै प्रकारको तलब, भत्ता, चन्दा, पुरस्कारमा खर्च गर्न पाइने छैन।

१९. **रकमान्तर गर्न नपाइने:** (१) निर्देशक समितिवाट यस कार्यविधिबमोजिम एक पटक आयोजनागत बजेट बाँडफाँड भइसकेपछि पुनः सोही आयोजनाको शीर्षकवाट रकमान्तर गर्न पाइने छैन।

(२) उपदफा १ मा जे जस्तो उल्लेख भएपनि दफा ४ को उपदफा ८ को खण्ड (२) अनुसारको परिस्थिति सिर्जना भए रकमान्तर गर्न निर्देशक समितिलाई बाधा पर्ने छैन।

२०. **बाधा अड्काउ फुकाउने:** कार्यक्रम कार्यान्वयन गर्दा कुनै द्विबिधा वा बाधा अड्काउ उत्पन्न भएमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२१. **हेरफेर गर्न सक्ने:** कुश्मा नगर कार्यपालिकाको कार्यालयले निर्देशक समितिको सिफारिसमा अनुसूचीमा आवश्यक हेरफेर तथा थप घट गर्न सक्नेछ।

२३ **खारेजी र बचाउ:** कुश्मा नगरपालिकाको नगर प्रमुख रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०८१ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरू यस कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

कुश्मा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मा, पर्वत गण्डकी प्रदेश २०७३

अनुसूची-१

(दफा ४ को उपदफा (१)सँग सम्बन्धित)

## कुश्मा नगरपालिकाको नगर प्रमुख रोजगार कार्यक्रमका लागि आयोजना पेश गर्ने सम्बन्धी सुचना

कुश्मा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कुश्मा नगरपालिका भित्रका वेरोजगार युवाहरूलाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आय आर्जनका कृयाकलाप सञ्चालन गरी सामुदायिक पूर्वाधार निर्माण, कृषि, अध्ययन अनुसन्धान लगायतका व्यवस्था गरेका अन्य क्षेत्रहरूमा संलग्न गराई वेरोजगारी र शैक्षिक बेरोजगारिको समेत समस्या समाधानमा योगदान पुर्याउन नगर प्रमुख रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत देहाएका क्षेत्रमा आयोजना सञ्चालन गरीने हुँदा इच्छुक समूहले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायको प्रकिया पूरा गरी आयोजना माग गर्नुहुन कुश्मा नगरपालिकाको नगर प्रमुख रोजगार कार्यक्रम सञ्चालन कार्यविधिको दफा ४ को उपदफा (१) बमोजीम यो सूचना प्रकाशन गरीएको छ।

१. **आयोजनाका क्षेत्र:**

- रोजगारी सिर्जना गर्ने दिगो उत्पादनमा आधारित सामुहिक र एकीकृत खेती।
- जलचक्र, खानेपानी संरक्षण तथा व्यवस्थापन गरी रोजगारी सिर्जना हुने कार्यक्रमहरू।
- जल, वायु, तापक्रम, मानव उत्पन्न प्रकोप व्यवस्थापन तथा न्यूनीकरणका क्षेत्र।
- ताल तलैया, जलाशय निर्माण तथा रिचार्ज पोखरी मर्मत तथा संरक्षणका क्षेत्र।
- खेलकुद प्रवद्दन, पूर्वाधार निर्माण ।
- शिक्षा, तालिम, जनचेतनामुलक अभियान हरू।
- रोजगारमुलक कृषि तथा पशुपालन ।
- वृक्षारोपण तथा पर्याबरण संरक्षण मा आधारित कृषि वन विकास।
- अध्ययन, अनुसन्धान, र रणनैतिक संचार एवं पर्यटन पर्वद्धन।
- पूर्वाधार निर्माण, मर्मत तथा संभार।
- वातावरण संरक्षण र जलवायू परिवर्तन अनुकूलन सम्वन्धी कार्यक्रमहरू।
- बैदेशिक रोजगारीवाट फर्केका युवा समुहहरूका नवीन योजनाहरू।

२. **आयोजना माग गर्दा अपनाउनु पर्ने प्रक्रिया:**

(क) नगर प्रमुख रोजगार कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१ को अनुसूची-२ बमोजिमको ढाँचामा आयोजना माग गर्नु पर्नेछ। (ढाँचा वेबसाइटमा र रोजगार सेवा केन्द्रमा उपलब्ध छ)

(ख) आयोजना माग गर्दा कम्तीमा एकाघर बाहेकका सातजना उपभोक्ताको समूह बनाई माग गर्नुपर्नेछ। एक समूहमा आवद्ध भएको व्यक्तिले आर्को समूहमा आवद्ध भई आयोजना माग गर्न पाउने छैन।

(ग) आयोजना मिति................ गते अपरान्ह पाँच बजेभित्र माग गरीसक्नु पर्नेछ। म्याद नाघी आएका र कार्यलयमा भौतिक रुपमा पेश हुन आएका माग उपर कुनै कारबाही हुने छैन।

३. आयोजना पेश गर्ने विधि:आयोजनाको बिबरण सहित कार्यक्रम कार्यान्वयन गर्ने शाखामा गर्ने वा kushmamun@gmail.com इमेल मार्फत आयोजना पेश गर्नु पर्नेछ।

थप जानकारीका लागी सम्पर्क: रोजगार सेवा केन्द्र।

रामचन्द्र जोशी
नगर प्रमुख

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत
गण्डकी प्रदेश, नेपाल

# अनुसूची-२

(दफा (४) को दफा (२) सँग सम्बन्धित)

## कुश्मा नगरपालिकाको नगर प्रमुख रोजगार आयोजनाको माग फाराम

१. आयोजनाको नाम र संचालन हुने स्थानः

२. आयोजनाको उद्धेश्य र आवश्यकताः

| |
|---|
| |

३. आयोजनाको क्षेत्रः

४. आयोजनाको अनुमानित लागत रकमः

५. आयोजनामा लागत साझेदारी हुने वा नहुने (हुने भए कसको के कति लागत सहभागिता हुने हो, सो खुलाउने)

| |
|---|
| |

६. आयोजना अन्तर्गत हुने मुख्य कार्यहरूको विवरणः

| |
|---|
| |

रामचन्द्र जोशी
नगर प्रमुख

७. आयोजनामा कार्यान्वयन शुरु र सम्पन्न हुने मितिः

८. लाभान्वित जनसंख्याः................ , पुरुषः ..................... महिलाः ...............(अल्पसंख्यक ............, अपाङ्गता भएका व्यक्तिः ................, दलितः ..............., जनजातिः ............., र अन्यः .................)

९. दिगो रोजगारी सृजना हुने आधारः

१०. आयोजनाबाट प्राप्त हुने प्रतिफलः

११. आयोजनाबाट सृजित हुने रोजगारी (श्रमिक संख्या):..................... पुरुषः..................... , महिलाः ...............(अल्पसंख्यक ............, अपाङ्गता भएका व्यक्तिः ................, दलितः ..............., जनजातिः ............., र अन्यः .................

१२. आयोजनामा प्रयोग हुने निर्माण सामाग्री विवरणः

(क) बाह्य सामाग्रीः

(ख) स्थानीय सामाग्रीः

१३. आयोजनाको अवस्थाः मर्मत सम्भार गर्नुपर्ने / अधुरो / नयाँ

१४. आयोजना कार्यान्वयनमा कुनै समस्या वा विवाद नभएको वा नहुने सुनिश्चितता पुस्टी हुने कागजात (कबुलियत वा स्वः घोषणा वा वडाको प्रतिबद्धता/सिफारिस वा सामुहिक भेलाको निर्णय)

१५. आयोजना माग गर्ने व्यक्तिको नाम , पद, ठेगाना, फोन नं. र ईमेल ठेगानाः

| क.सं. | नाम थर | ठेगाना | नागरीकता नं. | बाजेको नाम थर | बाबुको नाम थर | फोन नं. | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

कुश्मा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मा पर्वत गण्डकी प्रदेश नेपाल २०७३

हरिचन्द्र जोशी
नगर प्रमुख

अनुसूची-३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

आयोजनाको सूची सम्बन्धी फाराम

कुश्मा नगरपालिकाको नगर प्रमुख रोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा रोजगारी सृजना गरी रोजगारमुलक कार्यमा सगभागी हुने प्रस्ताव सहीत सुचीकृत भएका र निर्देशक समितिमा पेश गरी छलफल गर्न उपयुक्त योजनाहरू।

| क.सं. | आयोजनाको नाम | वडा नं. | मुख्य क्रियाकलापहरू | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

पेश गर्ने

प्रमाणित गर्ने

अनुसूची-४

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

स्थानीय निर्देशक समितिबाट स्वीकृत आयोजनाको सूची सम्बन्धी फाराम

निर्देशक समितिको निर्णय मिति

बेरोजगार नागरीकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न, नवीनतम, उत्पादनशील एवम् स्वरोजगार क्षेत्रको पहिचान गरी सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न, श्रोत साधनलाई एकीकृत गरी रोजगारीमा केन्द्रित गर्न, संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउन यस कुश्मा नगरपालिकाले सञ्चालनमा ल्याएको नगर प्रमुख रोजगार कार्यक्रममा आवद्ध भइ वेरोजगार युवाहरूलाई आय आर्जनमा केन्द्रित गराउनका लागी छनोट भएका योजनाहरू।

| क.सं. | आयोजनाको नाम र मुख्य क्रियाकलाप | वडा नं. | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

पेश गर्ने

प्रमाणित गर्ने

रामचन्द्र जोशी
नगर प्रमुख

अनुसूची-५

(दफा ७ सँग सम्वन्धित)

श्रम तथा सामग्री अनुपात

| क्र.सं. | कार्यक्रम/ कार्यान्वयनको क्षेत्र | श्रम (प्रतिशतमा) | सामग्री (प्रतिशमा) |
|---|---|---|---|
| १. | रोजगारी सृजना गर्ने दिगो उत्पादनमा आधारीत सामुहीक खेती। | ५० | ५० |
| २. | पूर्वाधार निर्माण, मर्मत तथा संभार। | ३० | ७० |
| ३. | जलचक्र, खानेपानी संरक्षण तथा व्यवस्थापन गरी रोजगारी सृजना हुने कार्यक्रमहरू। | ६० | ४० |
| ४. | वातावरण संरक्षण, पर्यटन र जलवायू परिवर्तन अनुकुलन सम्वन्धी कार्यक्रमहरू। | ३० | ७० |
| ५. | जल, वायु, तापक्रम, मानव उत्पन्न प्रकोप व्यवस्थापन तथा न्यूनीकरणका क्षेत्र। | ५० | ५० |
| ६. | ताल तलैया, जलाशय निर्माण तथा रिचार्ज पोखरी मर्मत तथा संरक्षणका क्षेत्र। | ५० | ५० |
| ७ | खेलकुद प्रवद्दन, पूर्वाधार निर्माण । | ६० | ४० |
| ८ | शिक्षा, तालीम, जनचेतनामुलक अभियान हरू। | ७० | ३० |
| ९ | रोजगारमुलक कृषि तथा पशुपालन | ६० | ४० |
| १० | वृक्षारोपण तथा पर्याबरण संरक्षण मा आधारीत कृषि वन बिकास। | ४० | ६० |
| ११ | अध्यन, अनुसन्धान, र रणनैतिक संचार एवं पर्यटन पर्वद्धन। | ७० | ३० |
| १२ | बैदेशिक रोजगारीवाट फर्केका युवा समुहहरूका नविन योजनाहरू। | ५० | ५० |

अनुसूची-६
(दफा (५) को (२) सँग सम्वन्धित)

(क) आयोजनाबाट लाभान्वित हुने जनसंख्या (१०)
१०-२० जना भए अंक ३
२०-४० जना भए अंक ७
४० भन्दा माथि भए अंक १०

(ख) दिगो र अधिकतम रोजगारी सृजना हुने आधार अंक २०
निर्देशक समितिको तजविजमा हुने।

(ग) आयोजनाको प्रतिफल तथा आयोजनाको दिगोपना अंक १०
निर्देशक समितिको निर्णयमा हुने।

(ध) स्थानीयस्तरमा सिर्जना हुने रोजगारी तथा स्थानीय सामाग्रीको प्रयोग अंक २०
निर्देशक समितिको तजविजमा हुने।

(घ) युवा, माहिला, अदक्ष, सिक्षित वेरोजगार समुदायको रोजगार प्रवर्द्धन अंक १०
समुहमा युवा मात्र भएको अंक ४
समुहमा युवा, महिला अनुपात मिलेको अंक ८
समुहमा युबा, महिला लगाएत समावेशि संलग्नता अंक १०

(ङ) अधिकतम प्रतिशतको लागत साझेदारी अंक ३०
आयोजनाको ३३% लागत साझेदारी अंक १०
आयोजनाको ३३%- ४०% लागत साझेदारी अंक २५
आयोजनाको ४०% देखी माथि लागत साझेदारी अंक ३०

रामचन्द्र जोशी
नगर प्रमुख